# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विदुर, नुवाकोट
## बागमती प्रदेश, नेपाल

### नदीजन्य पदार्थ ( ढुङ्गा/ग्रावेल) लिलाम विक्रि सम्बन्धी बोलपत्र आह्वानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विदुर नगरपालिका नगर कार्यपालिकाको मिति २०८० असार ०९ गतेको नगर कार्यपालिकाको बैठकको निणर्य अनुसार विदुर नगरपालिका को क्षेत्रधिकार भित्र पर्ने वडा नं. २ तादी नदि किनारा निर्माणधिन पुल छेउमा थुपारी राखिएको नदीजन्य पदार्थ ( ढुङ्गा/ग्रावेल) यस नगरपालिका बाट जारि गरेको साधारण निर्माणजन्य पदार्थको संकलन उत्खनन विक्रि तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा १७ अनुसार लिलाम बढाबढद्धारा विक्रि वितरण गर्नको लागि इच्छुक व्यक्ति, संस्था वा फर्महरुलाई यसै सूचना मार्फत जानकारी गराइएको छ। निम्न अनुसारको शर्तहरुको अधिनमा रही तपशिल बमोजिमको मिति समय र स्थानमा तपशिल मा उल्लेख गरिएको सामानको एकमुष्ट सिलबन्दि बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।
शर्तहरु

१. बोलकवोलका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु १,०००।- ( अक्षेरुपि एक हजार मात्र ) तिरी यस कार्यालयबाट बोलपत्र खरिद गर्नुपर्ने छ।

२. न्यूनतम प्रति घन फिट रु.९ नघट्ने गरि।

३. कुनै पनि फर्म वा संस्थाको सम्बन्धमा चालू आ.व. को लागि नवीकरण भएको व्यवसाय दर्ता इजाजतपत्र, प्यान दर्ता प्रमाणपत्र र आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि यस कार्यालयमा पेश गर्नुपर्ने छ।

४. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ।

५. यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन मध्यान्ह १२:०० बजेभित्र विदुर नगरपालिकाको कार्यालय भित्र बोलपत्र पेश गर्नुपर्ने छ । सोही दिन अपरान्ह २ बजे उक्त बोलपत्र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. बोलपत्र खोलिएको सात दिन भित्र स्विकृत भएको वा नभएको जानकारी विदुर नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

७. बोल कवोल गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको अर्को दिन कार्यालय खुलेको दिनहुनेछ ।

८. लिलाम विक्रि हुने नदीजन्य पदार्थ ( ढुङ्गा/ग्रावेल) हेर्नको लागि सम्बन्धित स्थानमा गइ हेर्न सक्नु हुनेछ ।

९. वोलकवोल गरेको रकमको १० प्रतिशत धरौटी स्वरुप नेपाल बैंक लिमिटेड त्रिशूली शाखामा रहेको विदुर नगरपालिकाको खाता नं. ०२६०३००००३०००००००४ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

१०. बोलकवोल स्वीकृत भएको फर्म वा व्यक्तिले सम्झौता गर्न आउँदा आफुले कबोल गरेको रकम नेपाल बैंक लि. त्रिशूली शाखामा रहेको विदुर नगरपालिकाको खाता नं. ०२६०३००००१००१००००४ मा जम्मा गरेको सक्कल भौचर समेत समावेश गर्नुपर्ने छ ।

११. सम्झौता कार्यादेश प्राप्त भएको मितिले १ महिंना भित्रमा आफ्नो कवोलको सम्झौता र कार्यादेश भएको सम्पूर्ण सामान जुन जहाँ र जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा उठाइ लैजानुपर्नेछ । सूचना पाएको मितिपछि उक्त सामान हराएमा नगरपालिका जिम्मेवार हुनेछैन ।

१२. शर्त सहित पेश गरेको रीत नपुगि वा म्याद नाघि आएको, न्यूनतम रकम भन्दा घटि कबोल गरेको र यस कार्यालयबाट प्रमाणित गरी बिक्रि गरेको बोलपत्र फारम पेश नगरेको बोलपत्र फर्मलाई मान्यता दिइने छैन ।

१३. बोलपत्रदाताले कवोल गरेको रकममा १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप गरि कबोल अंक कायम गरिनेछ र उक्त रकम बोलपत्र दाताले एकमुष्ट रुपमा बुझाउनु पर्नेछ ।

१४. लिलाम सम्बन्धी कुनै विवाद भए प्रचलित कानूनको परिधिभित्र रहि विदुर नगरपालिकाले अन्तिम निर्णय गर्नेछ । साथै कुनै लिलामको बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विदुर नगरपालिकाको रहनेछ ।

१५. स्थान, परिमाण र दर तथा न्यूनतम कवोल रकम निम्नानुसार तोकिएको छ ।

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७२

| क्र.सं. | स्थान | सामाग्री | परिमाण | | दर प्रति घ.फि. | न्यूनतम कवोल अंक (मू.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | घ.मि. | घ.फि. | | | |
| | पुल वारी पुलमा जाने बाटो | ढुङ्गा/ ग्रावेल | ६३३७ | २२३८२२.९ | रु.९ | रु.९५१६३७४ | |
| | पुल संगै रहेको | | ११००० | ३८८५२० | | | |
| | पुल पारी पुलमा आउने बाटो | | १२६०० | ४४५०३२ | | | |
| | जम्मा | | २९९३७ | १०५७३७४.९ | | | |

प्रमुख प्रशासकिय अधिकृत
विदुर नगरपालिका

**प्रमुख प्रशासकिय अधिकृत**